# लोक सेवा आयोग

## (सूचना तथा प्रकाशन शाखा)

कमलपोखरी, काठमाडौं

### सूचना नं. ५३९/०८२-८३, मिति २०८२/७/२७

## राजपत्रांकित द्वितीय श्रेणी (प्राविधिक), नेपाल वन सेवा, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ समूहतर्फ उपसचिव वा सो सरह पदको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सम्मानित सर्वोच्च अदालतचाट रिट नं. ०८२-WO-०३३० उपर भएको परमादेशको आदेश कार्यान्वयन गर्ने सिलसिलामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०८२।०७।२५ गते प्राप्त माग आकृति फाराम वमोजिम लोक सेवा आयोगको मिति २०८२।७।२७ को निर्णयानुसार नेपाल वन सेवा, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ समूहतर्फ उपसचिव वा सो सरह पदको देहाय बमोजिम बढुवा सूचना प्रकाशन गरिएको छ।

कार्यक्षमताको मूल्याङ्गनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने निजामती सेवातर्फको पदका लागि निजामती सेवा ऐन, २०४९ को दफा २१ र निजामती सेवा नियमावली २०५० को नियम ७४ (२) बमोजिम २०८२ साल असार मसान्तसम्म बढुवाको लागि सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८२।९।२ गतेसम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ। निजामती सेवातर्फ कर्मचारी समायोजन ऐन, २०७५ अनुसार संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरु सोही ऐनको दफा १४ को उपदफा ४ बमोजिम समायोजन हुनुपूर्व बहाल रहेको सेवा, समूह, उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसंग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र दरखास्त दिने उम्मेदवारले काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र अनामनगर, काठमाडौं तथा काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्नेछ। म्याद नाधी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर, काठमाडौंमा पठाउनु पर्नेछ। दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरुलाई बढुवा सूचना नम्बर अनुसार सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

### उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरु

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।

(ख) निजामती सेवा ऐन, २०४९ को दफा २४क, २४ख, २४ग र २४घ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, जेष्ठता, भौगोलिक क्षेवमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन निजामती सेवा ऐन, २०४९ को दफा २४ बमोजिम गणना हुनेछ। महिला, आदिवासी/जनजाति, मधेशी दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारको हकमा निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (२) अनुसार हुनेछ। निजामती सेवा नियमावली, २०५० को नियम १२३ अनुसारको सेवा अवधि भएमा सो प्रमाणित भएको हुनुपर्नेछ।

(ग) दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) बाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको श्रेणीमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण छुट्टै पानामा खुलाई पेश गर्नुपर्नेछ।

(च) उम्मेदवारको उम्मेदवारी सम्बन्धमा मिति २०८२।६।२९ मा राजपत्रांकित द्वितीय श्रेणी (प्राविधिक), पदका लागि प्रकाशित बढुवा सूचना बमोजिमका शर्तहरु लागु हुनेछन्।

(छ) दरखास्त दस्तुर रु.२.०००।- (दुई हजार) बुझाउन पर्नेछ।

**कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवातर्फ कायम भएको पदको बिवरण राजपत्राङ्कित द्वितीय श्रेणी, (प्राविधिक) उपसचिव वा सो सरह**

| बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह | पदसंख्या |
|---|---|---|
| १५५/०८२-८३ | वन, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ | १ (एक) |

नोटः यो सूचना गोरखापत्रमा मिति २०८२।८।३ गते बुधवार प्रकाशन हुनेछ।

...................

(एकनारायण शर्मा)

उपसचिव